# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गौर,रौतहट
## प्रदेश नं.२, नेपाल

गौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौर, रौतहट प्रदेश नं.-२, नेपाल

**(दोस्रो पटक प्रकाशित मिति २०७८/०३/१८ गते)**

**आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी दोस्रो पटकको सूचना।**

गौर नगरपालिकाको नगरसभाबाट पारित आर्थिक ऐन २०७७ र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार यस नगरपालिकाले विगतका बर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार निम्न शिर्षकहरुमा कर उठाउन आ.व.२०७८/०७९ को लागि बढाबढको माध्यमद्धारा ठेक्का बन्दोवस्त गर्नु परेकोले दोस्रो पटक सुचना प्रकाशित भएको मितिले (७) सात दिनभित्र तपसिलका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र छुटाछुटै रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र बिकी हुने अन्तिम मिति २०७८/०३/२४ गते कार्यालय खुल्ने समय सम्म।

२. दरभाउपत्र फाराम दस्तुर रु.१,०००।-(एक हजार मात्र) फिर्ता नहुने गरी कार्यालयमा दाखिला गर्नु पर्नेछ।

३. दरभाउपत्र दर्ता हुने अन्तिम मिति २०७८/०३/२५ गते दिउसो १२:०० बजे सम्म हुनेछ, र सोही दिन ५:०० बजे दर्ता हुन आएका दरभाउपत्रहरु यस कार्यालयमा खोलिनेछ।

४. दरभाउपत्र फारम खरिद गर्न इच्छुक व्यक्ति/फर्म वा कम्पनीको ईजाजत प्रमाण पत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.वा.०७६/०७७ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। व्यक्ति भएमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

५. दरभाउपत्रदाताले कबुल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक गौरको च.हि.नं.१२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैक भौचर, फर्म/कम्पनी ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.०७६/०७७ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

६. कबुल गरेको रकम एकमुष्ट बुझाएमा कबुल अंकको १०% ले हुने रकम छुट दिइनेछ। एकमुष्ट रकम बुझाउन नसक्नेलाई दरभाउपत्र स्वीकृत भए पश्चात ३ किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ। जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापत नगद सम्झौता हुनु भन्दा पहिला नगर कार्यपालिकाको कार्यालय गौरमा बुझाई दोस्रो र तेस्रो किस्ताको हकमा "क" वर्गको बैकबाट गौर नगरपालिकाको नाममा जारी भएको १ (एक) वर्षे म्याद भएको बैक जमानत पत्र पेश गर्नु पर्नेछ। किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन।

७. नियमानुसार लाग्ने कर ठेकेदार आफैले सम्वन्धित निकायमा बुझाउनु पर्नेछ।

८. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले दरभाउपत्रमा भाग लिन पाउने छैन्।

९. धरौटी रकम यस कार्यालयमा बुझाउनु पर्ने किस्ता रकममा मिन्हा हुने छैन। ठेक्का अवधि समाप्त भएपछि धरौटी रकम फिर्ता गरिनेछ।

१०. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

११. सिलबन्दी खाम माथि दरभाउपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको शिर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ।

१२. अन्तिम दिनमा विदा पर्न गएमा अन्तिम मिति पछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ।

१३. दरभाउपत्र, दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ तर निजहरु उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पुग्ने छैन।

१४. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**तपशिल**

| ठेक्का नं. | ठेक्काको नाम | आय शिर्षक | न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १/राजश्व/०७७/०७८ | गौर बजार (राम जानकी मठ नजिक) ठेक्का बन्दोवस्त | बिटौरी कर | ५०,०००/- | |
| ४/राजश्व/०७७/०७८ | गुदरी बजार, गौर-१ (ठेक्का बन्दोवस्त) | बिटौरी कर | २,७५,०००/- | मुख्य सार्वजनिक सडक पेटीमा रहेको अस्थायी पसल र छैटी समेत |
| ५/राजश्व/०७७/०७८ | गुदरी बजार नजिकको सार्वजनिक शौचालय ठेक्का बन्दोवस्त | सेवा शुल्क | २०,०००/- | |
| ६/राजश्व/०७७/०७८ | बरहवा खोला नजिकको सार्वजनिक शौचालय गौर-१( ठेक्का बन्दोवस्त) | सेवा शुल्क | ७,०००/- | |

**सुभाष कुमार ठाकुर**
**नि. प्रमुख प्रशासकीय अधिकृत**